# लेखाविधि

**कक्षा : ११ र १२** **विषय सङ्केत :** Acc. 103 (**कक्षा ११**), Acc. 104 (**कक्षा १२**)

**पाठ्यघण्टा : ५** **वार्षिक कार्यघण्टा : १६०**

## १. परिचय

लेखाको सैद्धान्तिक ज्ञानलाई व्यावहारिक बनाउँदै लैजाने, यस विषयको सिकाइलाई रोजगारमूलक बनाउने तथा व्यवसायको लेखाङ्कन पद्धतिमा आधुनिक प्रविधि र पद्धतिलाई प्रयोगमा ल्याउने उद्देश्यका साथ कक्षा ११ र १२ को लेखाविधि विषयको पाठ्यक्रम विकास गरिएको हो । राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गदर्शनबमोजिम विद्यालय शिक्षाको माध्यामिक तह (कक्षा ११ र १२) मा लेखाविधि विषयको यस पाठ्यक्रममा लेखा प्रणालीको उपयुक्त व्यवस्थापनसम्बद्ध विषयवस्तु समावेश गरिएको छ । यो पाठ्यक्रमको अध्ययनपश्चात् विद्यार्थीहरूले कुनै सङ्घसंस्था वा कार्यालयको लेखा प्रणाली व्यवस्थापन गर्ने सक्षमता हासिल गर्ने अपेक्षा राखिएको छ । यसका साथै यस पाठ्यक्रमले सम्बन्धित विषयमा उच्च शिक्षाको आधारसमेत तयार गर्ने अपेक्षा छ ।

लेखाविधि विषयको पाठ्यक्रममा आर्थिक कारोवारहरूको प्रारम्भिक अभिलेख, डेबिट क्रेडिटको नियमअनुसार दोहोरो लेखा प्रणाली, सहायक पुस्तिका खाता, सन्तुलन परीक्षणको तयारी, बैङ्क र नगदमा हुने कारोबारको हिसाब, स्थिर सम्पत्तिको ह्रास, वित्तीय विवरण, लेखा प्रणालीमा कम्प्युटरको प्रयोग, नेपाल सरकारको लेखा प्रणाली, गैर नाफामूलक संस्था र कम्पनीको लेखा प्रणाली जस्ता विषयवस्तुका सैद्धान्तिक तथा प्रयोगात्मक पक्षको सिकाइ गर्न विद्यार्थीकेन्द्रित सिकाइ सहजीकरण विधि तथा प्रक्रियामा जोड दिइएको छ । यसबाट विषयवस्तुमा आधारित भई प्रयोगात्मक अभ्यास, स्थलगत अध्ययन भ्रमण, खोजमूलक निरन्तर सिकाइ, सिकाइलाई प्रयोगात्मक र खोजमूलक बनाउन र र मूल्याङ्कन पद्धतिलाई सिकाइ प्रक्रियासँग आबद्ध गरी सान्दर्भिक बनाउन सहज हुने अपेक्षा गरिएको छ । यस पाठ्यक्रमले ज्ञान पक्ष भन्दा पनि सिप तथा अभिवृत्तिमा जोड दिई विषयको अध्ययनलाई व्यवहारिक र प्रयोगात्मक बनाउने प्रयास गरेको छ । वित्तीय यवस्थापनमा आएको नयाँ नयाँ अवधारणा र परिवर्तित प्रविधि र पद्धतिलाई समेत ध्यान दिएर यो पाठ्यक्रम तयार गरिएको छ । यसर्थ लेखिविधि विषयको पाठ्यक्रम विकास गर्दा उल्लिखित विषयवस्तुको अवधारणा विकास, अभ्यास र निरन्तर सिकाइ तथा मूल्याङ्कनबिचको सन्तुलन कायम गरिएको छ ।

यस पाठ्यक्रममा परिचय, तहगत सक्षमता, कक्षाकगत सिकाइ उपलब्धि, विषयवस्तुको क्षेत्र र क्रम, सिकाइ सहजीकरण प्रक्रिया र विद्यार्थी मूल्याङ्कनलाई समेटिएको छ । यस क्रममा पाठ्यक्रम लेखन तथा विकासको विषयगत औचित्य, पाठ्यक्रममा रहेका मुख्य विशेषता तथा पाठ्यक्रमको स्वरूपलाई समेटी परिचय, विषयगत रूपमा अपेक्षित ज्ञान, सिप, अभिवृत्ति, मूल्य र कार्य तत्परतालाई समेटी त्यसको क्रियात्मक स्वरूपमा सक्षमता समावेश गरिएको छ । त्यसै गरी यसमा सिकाइको स्तर र सक्षमताको विशिष्टीकृत विस्तृतीकरण गरी सिकाइ उपलब्धि र सक्षमतालाई सम्बन्धित गरिएको छ भने अघिल्ला कक्षासँगको लम्बीय सन्तुलनका आधारमा विषयवस्तुको क्षेत्र र क्रम, विषयगत विशिष्टता र मौलिकतालाई समेटिएको छ । यसमा सिकाइ सहजीकरणका विधि तथा प्रक्रियाका साथसाथै निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनका विधि तथा प्रक्रिया उल्लेख गरी विद्यार्थी मूल्याङ्कनलाई व्यवस्थित गरिएको छ ।

## २. तहगत सक्षमता

माध्यामिक तह (कक्षा ११ र १२) को अध्ययनपश्चात् विद्यार्थीहरूमा लेखाविधिका निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. लेखापालनको अर्थ, सिद्धान्त र उद्देश्यसँग परिचित भई दोहोरो र एकोहोरो लेखा प्रणालीको प्रयोग

२. आर्थिक कारोबारहरूको प्रारम्भिक खाता अभिलेखनका लागि स्थिर सम्पत्तिको ह्रास कट्टी र खाताको तयारी र प्रयोग

३. ह्रास कट्टी, एकलौटी, साझेदारी, गैर नाफामूलक सङ्गठनहरू र अन्य प्रकारका फर्मको लेखा अभिलेख र वित्तीय विवरण तयारी र प्रस्तुति

४. सरकारी आर्थिक कारोवारहरूको गोश्वारा भौचर, बैङ्क नगदी खाता, खर्चको फाँटबारी र बजेट हिसाब खाताको तयारी र उपयोग

५. एकल खाता कोष प्रणालीका उद्देश्य र विशेषताको बोध तथा आवश्यकतानुसार उपयोग

६. कम्पनीको वर्गीकरण र सेयरसम्बन्धी कारोबारहरूको अभिलेखन

७. ऋणपत्रको प्रयोग र यसको अभिलेखन

८. वित्तीय विवरणको उद्देश्य र सीमाको वर्णन र अभिलेखन तथा नगद प्रवाह विवरणको तयारी एवम् प्रयोग

९. सामग्री, श्रम, एकाइ अथवा उत्पादन लागतसम्बन्धी लेखाको अभिलेखन र प्रयोग

१०. जर्नल र लेजरको प्रविष्टी

**३. कक्षागत सिकाइ उपलब्धि**

**कक्षा ११**

| **एकाइ** | **विषयक्षेत्र** | **सिकाइ उपलब्धि** |
|---|---|---|
| १ | लेखा अभिलेखन तथा लेखाविधिको अवधारणा | १.१ लेखा अभिलेखन तथा लेखाविधिको सैद्धान्तिक अवधारणा<br>१.१.१ लेखा अभिलेखन र लेखाविधिको पचिय दिन<br>१.१.२ लेखा अभिलेखन र लेखाविधिबिच फरक छुट्याउन<br>१.१.३ लेखाविधिको सर्वमान्य सिद्धान्तको पहिचान तथा व्याख्या गर्न<br>१.१.४ नेपाल लेखामान र नेपाल वित्तीय प्रतिवेदन मान पहिचान गर्न<br>१.१.५ लेखाविधिका आधारभूत शब्दावलीहरूको व्याख्या गर्न<br>१.१.६ दोहोरो लेखा अभिलेखन प्रणाली तथा लेखाका आधारहरूको व्याख्या गर्न<br>१.१.७ लेखा समीकरण तयार गर्न |
| | | १.२ कारोवारहरूको अभिलेखन<br>१.२.१ डेबिट र क्रेडिटको नियमहरू बताउन<br>१.२.२ जर्नल पुस्तिका तथा सहायक पुस्तिकामार्फत प्रारम्भिक अभिलेख राख्न<br>१.२.३ जर्नल खाताहरू, सहायक पुस्तिकाहरू र सन्तुलन परीक्षण तयार गर्न |
| २ | विविध लेखाविधिको अवधारणा | २.१ आधुनिक बैङ्किङ प्रणाली तथा बैङ्क हिसाब मिलान विवरण<br>२.१.१ बैङ्किङ कारोबारहरूको प्रक्रिया बताउन<br>२.१.२ नगदी किताब र पासबुकमा बैङ्क मौज्दात फरक पर्नुका कारणहरू पत्ता लगाउन<br>२.१.३ बैङ्क हिसाब मिलान विवरण तयार गर्न |
| | | २.२ जर्नल प्रपर तथा समायोजित सन्तुलन परीक्षण<br>२.२.१ जर्नल प्रपरको परिचय दिन<br>२.२.२ जर्नल प्रपर तयार गर्न<br>२.२.३ समायोजित सन्तुलन परीक्षण तयार गर्न<br>२.२.४ लेखाविधिका गल्तीहरू सच्चाउन |
| | | २.३ स्थिर सम्पत्तिको लेखाविधि |

| | | |
|---|---|---|
| | | २.३.१ स्थिर सम्पत्तिका विशेषताहरू बताउन<br>२.३.२ स्थिर सम्पत्तिहरूको लेखा राख्न<br>२.३.३ स्थिर सम्पत्तिहरूको मूल्य ह्रासका लेखा राख्न<br>२.३.४ नेपालको आयकर नीतिअनुसार मूल्य ह्रासको प्रावधान प्रस्तुत गर्न |
| | | २.४ सञ्चिति र प्रावधान वा व्यवस्थाको लेखाविधि<br>२.४.१ सञ्चिती र प्रावधानबिच फरक छुट्याउन<br>२.४.२ प्रावधानको लेखङ्कन गर्न |
| ३ | वित्तीय विवरण | ३.१ एकलौटी तथा साझेदारी फर्मको वित्तीय विवरणको तयारी<br>३.१.१ पुँजीगत र आयगत विवरणको अवधारणाको व्याख्या गर्न<br>३.१.२ पुँजीगत र आयगत विवरणमा फरक छुट्याउन<br>३.१.३ एकलौटी तथा साझेदारी फर्मको वित्तीय विवरणहरू तयार गर्न |
| | | ३.२ गैर नाफामूलक संस्थाका लेखाविधि<br>३.२.१ गैर नाफामूलक संस्थाको वित्तीय विवरणहरू (प्राप्ति तथा भुक्तानी खाता, आम्दानी तथा खर्च खाता वासलात) तयार गर्न |
| | | ३.३ एकोहोरो तथा दोहोरो लेखा प्रणाली<br>३.३.१ एकोहोरो लेखा प्रणाली र दोहोरो लेखा प्रणालीमा भिन्नता देखाउन<br>३.३.२ खुद सम्पत्ति वा स्थिति विवरण, नाफा वा नोक्सान विवरण तयार गर्न |
| ४ | सरकारी लेखाविधि | ४.१ नेपालमा सरकारी लेखाविधि<br>४.१.१ नेपालमा सरकारी लेखा प्रणालीको विकास तथा ऐतिहासिक पृष्ठभूमिको व्याख्या गर्न<br>४.१.२ सरकारी लेखा विधिको वर्णन गर्न<br>४.१.३ एकल लेखा कोष प्रणालीको विशेषता उल्लेख गरी यसको अभ्यास गर्न<br>४.१.४ नेपाल सरकारको नयाँ श्रेस्ता प्रणालीको स्वरूप तथा विशेषता उल्लेख गर्न<br>४.१.५ गोस्वारा भौचर, बैङ्क नगदी किताब, बही खाताहरू, सानो नगदी किताब र खर्चको फाँटबारी तयार गर्न |

**कक्षा १२**

| एकाइ | विषयक्षेत्र | सिकाइ उपलब्धि |
|---|---|---|
| १ | कम्पनी लेखाविधि | १.१ कर्पोरेट अवधारणा<br>१.१.१ निजी कम्पनी र सार्वजनिक कम्पनीबिचको भिन्नताको व्याख्या गर्न<br>१.१.२ कम्पनीका वित्तीय स्रोत उल्लेख गर्न |
| | | १.२ सेयरको लेखा विधि<br>१.२.१ सेयर निष्कासनसम्बन्धी अभिलेखन राख्न |
| | | १.३ ऋणपत्रको लेखा विधि<br>१.३.१ ऋणपत्र निष्कासनसम्बन्धी अभिलेखन राख्न |

| | | |
|---|---|---|
| २. | कम्पनीका वित्तीय विवरण | २.१ कर्पोरेट वित्तीय विवरण<br>२.१.१ वित्तीय विवरणहरू (व्यापार हिसाब खाता, नाफा नोक्सान हिसाब खाता, नाफा नोक्सान बाँडफाँड हिसाब खाता, वासलात) तयार गर्न<br>२.१.२ ठाडो आय विवरण, आर्जित आय विवरण र वासलात तयार गर्न |
| | | २.२ कार्य विवरण<br>२.२.१ कार्य विवरणको आवश्यकता र स्वरूप प्रस्तुत गर्न<br>२.२.२ कार्य विवरण तयार गर्न |
| | | २.३ नगद प्रवाह<br>२.३.१ नगद प्रवाहको अर्थ र आवश्यकता बताउन<br>२.३.२ नगद प्रवाह विवरण तयार गर्न |
| ३ | लागत लेखाविधि | ३.१ लागत लेखाविधिको अवधारणा<br>३.१.१ लागत लेखाविधिको उद्देश्य, महत्त्व र सीमा बताउन<br>३.१.२ लागत लेखाविधि र वित्तीय लेखाविधिबिच फरक देखाउन<br>३.१.३ लागतको व्याख्या तथा वर्गीकरण गर्न |
| | | ३.२ सामग्री र सामग्री नियन्त्रण लेखाविधि<br>३.२.१ भण्डार खाता तयार गर्न<br>३.२.२ मौज्दातको तह तथा मितव्ययी आदेश परिमाण निर्धारण गर्न |
| | | ३.३ श्रमको लेखाविधि<br>३.३.१ श्रमिकहरूको ज्याला निर्धारण गर्न |
| | | ३.४ उपरिव्यय वा अप्रत्यक्ष खर्च लेखाविधि<br>३.४.१ उपरिव्ययको बाँडफाँड तथा अप्रत्यक्ष खर्च को वर्गीकरण गर्न |
| | | ३.५ एकाइ वा उत्पादन लागत निर्धारण<br>३.५.१ एकाइ वा उत्पादन लागत निर्धारणको गर्न |
| | | ३.६ लागत हिसाब मिलान विवरण<br>३.६.१ लागत हिसाब मिलान विवरण तयार गर्न |
| ४ | लेखाविधिमा कम्प्युटरको प्रयोग | ४.१ लेखाविधिमा कम्प्युटरको प्रयोग<br>४.१.१ लेखाविधिमा कम्प्युटरको प्रयोग गर्न<br>४.१.२ सफ्टवेयर प्रणालीको प्रयोग गरी लेखा राख्न |

**४.विषयवस्तुको क्षेत्र र क्रम**

**कक्षा ११**

| **एकाइ** | **विषयक्षेत्र** | **विषयवस्तु** | **कार्यघण्टा** |
|---|---|---|---|
| १ | लेखा अभिलेखन तथा लेखाविधिको अवधारणा | १.१ लेखा अभिलेखन तथा लेखाविधिको सैद्धान्तिक अवधारणा<br>१.१.१ लेखा अभिलेखन र लेखाविधि<br>• लेखा अभिलेखनको अर्थ, उद्देश्य, फाइदा, महत्त्व र | १० |

| | | | |
|---|---|---|---|
| | | विकासक्रम<br>● लेखाविधिको अर्थ, उद्देश्य, क्षेत्र, कार्य, फाइदा तथा महत्त्व र सीमा, लेखाविधि प्रक्रिया, शाखाहरू (वित्तीय लेखाविधि, लागत लेखाविधि र व्यवस्थापकीय लेखाविधि) र लेखाविधिका क्रियाकलापहरू<br>● लेखा अभिलेखन र लेखाविधिका भिन्नता<br>● लेखाविधिका नैतिक मान्यताहरू<br>१.१.२ लेखाविधिको सर्वस्वीकृत सिद्धान्त<br>● लेखाविधिको सर्वस्वीकृत सिद्धान्तको अर्थ<br>● लेखाविधिको अवधारणा : मौद्रिक मापदण्डको अवधारणा, व्यावसायिक अस्तित्वको अवधारणा, लेखा अवधिको अवधारणा, निरन्तरताको अवधारणा, लागतको अवधारणा, द्विपक्षीय अवधारणा, आय प्राप्ति अवधारणा, मिलानको अवधारणा<br>● लेखाविधिका साझा प्रचलन : मेटेरियालिटी (Materiality), स्थायित्व, संरक्षण र औद्योगिक अभ्यास<br>● नेपाल लेखामान : अर्थ तथा लेखा प्रतिवेदनमा यसको प्रयोग, नेपाल वित्तीय प्रतिवेदन मानका परिचय र उद्देश्य<br>१.१.३ लेखाविधिका आधारभूत शब्दावलीहरू<br>● व्यावसायिक कारोबार, पुँजी, ड्रइन्स (Drawings), दायित्वहरू (चालु तथा स्थिर दायित्वहरू)<br>● सम्पत्ति (चालु तथा स्थिर सम्पत्ति र दृश्य र अदृश्य तथा काल्पनिक सम्पत्ति, प्राप्ति, भुक्तानी, खर्च, आम्दानी तथा आय, नाफा तथा नोक्सान, खरिद, बिक्री, फिर्ता, मौज्दात, आसामी तथा प्राप्य बिल, साहु, भुक्तानी गर्नुपर्ने बिल, छुट, लगानी)<br>१.१.४ दोहोरो लेखा प्रणाली<br>● अर्थ, विशेषता र फाइदाहरू, लेखाविधिका आधारहरू (नगद र प्रोदभावी आधार)<br>१.१.५ लेखा समीकरण<br>● अर्थलेखा समीकरणको प्रयोग गरी कारोबारको विश्लेषण | |
| | | १.२ कारोवारहरूको अभिलेखन<br>१.२.१ डेबिट र क्रेडिटको नियमहरू<br>● खाताको आधारमा (व्यक्तिगत खाता, वास्तविक खाता | २४ |

| | | | |
|---|---|---|---|
| | | र नाम मात्रको/अवास्तविक खाता)<br>• लेखा समीकरणका आधारमा (सम्पत्ति, पुँजी तथा दायित्व, खर्च, आम्दानी, लाभ तथा हानी बढ्दा तथा घट्दा)<br>१.२.२ जर्नल माध्यमबाट प्रारम्भिक अभिलेख<br>• परिचय, उद्देश्य र ढाँचा<br>• लेखाविधिका सूचना स्रोत : बिल, भौचर, प्राप्ति रसिद, भुक्तानी रसिद, चेक इत्यादि ।<br>• महत्त्वपूर्ण कारोवारहरूको प्रारम्भिक अभिलेख : पुँजी, ड्रइन्स (Drawings), दायित्वहरू, सम्पत्ति, खरिद, बिक्री, नाफा तथा नोक्सान, आयव्यय, वस्तु फिर्ता, सेवा व्यवसायसम्बन्धी कारोबार (सेवा आम्दानी तथा खर्च)<br>• विनिमय बिलका लेखाविधि : परिभाषा, विशेषता, संलग्न पक्षहरू, विनिमय बिलको ढाँचा, बिलको सर्त, बिलको बट्टा गर्नु, बिल हस्तान्तरण, बिल सङ्कलन, बिल बदर/अयोग्य बिल र बिल कारोबारहरूको अभिलेख ।<br>१.२.३ सहायक पुस्तिकाहरू<br>• अर्थ र उद्देश्य<br>• व्यापारिक छुट र नगद छुटको अर्थ तथा फरक<br>• खरिद पुस्तिका : अर्थ, खरिद बिजक र खरिद पुस्तिकाको तयारी<br>• बिक्री पुस्तिका : अर्थ, बिक्री बिजक र बिक्री पुस्तिकाको तयारी<br>• खरिद फिर्ता पुस्तिका : अर्थ, डेटि नोट र खरिद फिर्ता पुस्तिकाको तयारी<br>• बिक्री फिर्ता पुस्तिका : अर्थ, क्रेडिट नोट र बिक्री फिर्ता पुस्तिकाको तयारी<br>• प्राप्य बिल पुस्तिका र प्रतिलिपिक बिल पुस्तिका<br>१.२.४ लेजर खाता र सन्तुलन परीक्षण<br>• लेजर खाताको अर्थ, उद्देश्य तथा उपयोगिता, लेजर खाताको नमुना (नमुना तथा अविछिन्न मौज्दात नमुना)<br>१.२.५ नगदी किताब<br>• अर्थ, उद्देश्य तथा प्रकार (एक महलीय नगदी किताब, द्विमहलीय नगदी किताब र त्रिमहलीय नगदी किताब) | |

| | | | |
|---|---|---|---|
| | | • सानो नगदी किताब : साधारण र विश्लेषणात्मक<br>१.२.६ सन्तुलन परीक्षण<br>• सन्तुलन परीक्षणको अर्थ, परिभाषा तथा उद्देश्य<br>• सन्तुलन परीक्षणको नमुना<br>• सन्तुलन परीक्षण तयार पार्ने पद्धति<br>• लेजर खाताका मौज्दातहरूबाट सन्तुलन परीक्षण तयारी | |
| २ | विविध लेखाविधिको अवधारणा | २.१ आधुनिक बैङ्किङ प्रणाली तथा बैङ्क हिसाब मिलान विवरण<br>२.१.१ आधुनिक बैङ्किङ प्रणाली<br>• चेकको अर्थ, प्रकार, चेकमा समावेश पक्ष, चेकको हस्तान्तरण वा दरपिठ, चेकको अप्रतिष्ठा वा बदर, बैङ्क विवरण वा पासबुक<br>• बैङ्किङ कारोबारका आधुनिक भौचर : ABBS, Card services, e-banking and mobile banking<br>२.१.२ बैङ्क हिसाब मिलान विवरण<br>• नगदी किताब र पासबुकका अर्थ र महत्त्व, बैङ्क मौज्दात फरक पर्नुका कारण, बैङ्क अधिविकर्ष, बैङ्क हिसाब मिलान विवरणको तयारी | ६ |
| | | २.२ जर्नल प्रपर तथा समायोजित सन्तुलन परीक्षण<br>२.२.१ जर्नल प्रपर<br>• अर्थ, महत्त्व र भौचर (प्रारम्भिक भौचर वा प्रविष्टि अन्तिम भौचर, हस्तान्तरण भौचर, उधारोमा सम्पत्ति खरिद तथा बिक्रीका भौचर, समायोजन भौचर)<br>२.२.२ लेखाविधिका गल्ती<br>• अर्थ, प्रकार, सन्तुलन परीक्षण तयार गर्नुभन्दा अगाडि देखिएका गल्ती र सन्तुलन परीक्षण तयार पारिसकेपछि देखा पर्ने गल्ती, गल्ती सच्याउने भौचर<br>२.२.३ समायोजित सन्तुलन परीक्षण<br>• अर्थ, उद्देश्य र समायोजित सन्तुलन परीक्षण तयारी | ७ |
| | | २.३ स्थिर सम्पत्तिको लेखाविधि<br>२.३.१ स्थिर सम्पत्तिहरू<br>• परिचय र स्थिर सम्पतिका प्रकारहरू<br>२.३.२ मूल्य ह्रास<br>• मूल्य ह्रासको परिभाषा, मूल्य ह्रासका कारण, मूल्य ह्रासको फाइदा, मूल्य ह्रासलाई प्रभाव पार्ने तत्त्व र | ८ |

| | | | |
|---|---|---|---|
| | | नेपालको आयकर नीतिअनुसार मूल्य ह्रासको प्रावधान<br>● मूल्य ह्रास निर्धारण विधि : सिधा रेखा विधि, घट्दो मूल्य ह्रास विधि<br>● लेखाविधि : सम्पत्तिको खरिद, वार्षिक ह्रास कट्टीको लेखा, अतिरिक्त सम्पत्तिको खरिद, सम्पत्तिको बिक्री, स्थिर सम्पत्ति र ह्रास कट्टी<br>● अग्रगामी तथा पश्चगामी प्रभावसहित मूल्य ह्रास विधिमा परिवर्तनको लेखाविधि (अतिरिक्त सम्पत्तिको खरिद र सम्पत्तिको बिक्रीबाहेक) | |
| | | २.४ सञ्चिति र प्रावधान वा व्यवस्थाको लेखाविधि<br>२.४.१ सञ्चिति<br>● अर्थ, विशेषताहरु, उद्देश्य  र प्रकार<br>२.४.२ प्रावधान<br>● अर्थ, विशेषता, उद्देश्य तथा महत्त्व, सञ्चिति र प्रावधानबिचको भिन्नता, प्रावधानको सिर्जना र तिनको लेखा प्रविष्टि कार्य, वित्तीय विवरणमा असर, NAS का आधारमा खराब तथा शङ्कास्पद ऋणका लागि प्रावधान, करका लागि प्रावधान | ५ |
| ३ | वित्तीय विवरण | ३.१ एकलौटी तथा साझेदारी फर्मको वित्तीय विवरणहरूको तयारी<br>३.१.१ पुँजीगत र आयगत अवधारणा<br>● अर्थ र प्रकार, पुँजीगत र आयगत भिन्नता (खर्च, प्राप्ति, नाफा, नोक्सान र जगेडा डिफर्ड आयगत खर्च) ।<br>३.१.२ वित्तीय विवरणको तयारी<br>● अर्थ, अङ्ग तथा परम्परागत आधारमा वित्तीय विवरणको तयारी (व्यापार हिसाब खाता, नाफा नोक्सान हिसाब खाता, वासलात) र आधुनिक आधारमा NAS र NFRS अन्तर्गत वित्तीय विवरणको तयारी (आय विवरण र वासलात) समायोजनसहित र समायोजनरहित (प्रोदभावी तथा डिफर्ड) को एकलौटी, साझेदारी र सेवासँग सम्बन्धित कार्य । | २४ |
| | | ३.२ गैर नाफामूलक संस्थाका लेखाविधि<br>३.२.१ गैर नाफामूलक संस्था<br>● अर्थ, गैर नाफामूलक संस्थाहरूको प्रयोगमा आउने शब्दावली (सदस्यता शुल्क, प्रवेश शुल्क, पत्रपत्रिकाको बिक्री, विभिन्न कार्यक्रमबाट हुने आय, सम्मानार्थ पारिश्रमिक, स्वेच्छिक दान, आजीवन सदस्यता शुल्क, | ८ |

| | | | |
|---|---|---|---|
| | | चन्दा, बन्दोबस्त कोष, सरकारी अनुदान, विशेष कोष, पुरानो सम्पत्ति धुल्याउने)<br>• प्राप्ति तथा भुक्तानी खाता : अर्थ, विशेषता र सीमा, प्राप्ति तथा भुक्तानी खाताको तयारी<br>• आम्दानी तथा खर्च खाता : अर्थ, उद्देश्य र आम्दानी तथा खर्च खाता र प्राप्ति तथा भुक्तानी खाताबिच भिन्नता, आम्दानी तथा खर्च खाताको तयारी<br>• वासलात : अर्थ, समायोजनसहित र समायोजनरहित वासलातको तयारी | |
| | | ३.३ एकोहोरो तथा दोहोरो लेखा प्रणाली<br>३.३.१ एकोहोरो लेखा प्रणाली<br>• एकोहोरो लेखा प्रणाली अर्थ, विशेषता, फाइदा र बेफाइदा<br>• एकोहोरो लेखा प्रणाली र दोहोरो लेखा प्रणालीबिच भिन्नता<br>• खुद सम्पत्ति वा स्थिति विवरण विधि : अर्थ र महत्त्व, स्थिति विवरणको तयारी (समायोजनसहित र समायोजनरहित)<br>• नाफा नोक्सानको विवरण : अर्थ, नाफा वा नोक्सान निर्धारणका लागि नाफा वा नोक्सान विवरणको तयारी (समायोजनसहित र समायोजनरहित) | ५ |
| ४ | सरकारी लेखाविधि | ४.१ नेपालमा सरकारी लेखाविधि<br>४.१.१ सरकारी लेखाविधि<br>• परिचय, विशेषता, उद्देश्य, सरकारी लेखा र व्यावसायिक लेखाविधिबिचका भिन्नता<br>४.१.२ नेपाल सरकारको नयाँ श्रेस्ता प्रणाली<br>• विकासक्रम, विशेषता, उद्देश्य तथा महत्त्व, सीमा तथा कमजोरी, नयाँ श्रेस्ता प्रणालीमा प्रयोग भएका फाराम (म.ले.प.फा. ५, ८, १०, १३ र १४) लेखाविधि स्तरको वर्गीकरण र खर्च शीर्षकहरूको वर्गीकरण<br>४.१.३ एकल खाता कोष प्रणाली<br>• विशेषता, उद्देश्य तथा भुक्तानी आदेश विवरण<br>४.१.४ गोस्वारा भौचर<br>• अर्थ, डेबिट र क्रेडिटका नियम, प्रकार (साधारण गोस्वारा भौचर, पेस्कीसम्बन्धी गोस्वारा भौचर, विविध गोस्वारा भौचर बजेट निकासा, तलब वितरण, धरौटी, रकमान्तर त्रुटि सच्याउने )<br>४.१.५ बैङ्क नगदी किताब<br>• अर्थ, गोस्वारा भौचर बनाएर र नबनाईकन बैङ्क नगदी | २३ |

| | | | |
|---|---|---|---|
| | | किताबको तयारी<br>४.१.६ हिसाब खाताको तयारी<br>● अर्थ, मासिक पेस्की विवरण खाता, बजेट हिसाब खाता, कार्यक्रम गत खाताको तयारी<br>४.१.७ खर्चको फाँटबारी<br>● खर्चको फाँटबारीको अर्थ, खर्चको फाँटबारीको उद्देश्य, खर्चको फाँटबारीको तयारी | |
| जम्मा | | | १२० |

**कक्षा १२**

| **एकाइ** | **विषयक्षेत्र** | **विषयवस्तु** | **कार्यघण्टा** |
|---|---|---|---|
| १. | कम्पनी लेखाविधि | १.१ कर्पोरेट अवधारणा<br>१.१.१ कम्पनी<br>● निजी कम्पनी र सार्वजनिक कम्पनी : अर्थ, विशेषता, निजी कम्पनी र सार्वजनिक कम्पनीबिच भिन्नता, कम्पनीका कागजातहरू (प्रबन्ध पत्र, नियमावली र विवरण) | ६ |
| | | १.२ सेयरको लेखाविधि<br>१.२.१ कम्पनीको सेयरपुँजी<br>● सेयरपुँजीको अर्थ, सेयरपुँजीको प्रकार (अधिकृत पुँजी, जारी पुँजी, आवेदित पुँजी, माग पुँजी, चुक्ता पुँजी)<br>● कम्पनीको सेयर : अर्थ, विशेषता, प्रकार (साधारण सेयर, पूर्वाधिकार सेयर)<br>● पूर्वाधिकार सेयरका किसिम : फिर्तायोग्य पूर्वाधिकार सेयर, फिर्ता अयोग्य पूर्वाधिकार सेयर, परिवर्तनशील पूर्वाधिकार सेयर, अपरिवर्तनीय साधारण सेयर, सहभागी पूर्वाधिकार सेयर, गैरसहभागी पूर्वाधिकार, सञ्चयी पूर्वाधिकार सेयर, असञ्चयी पूर्वाधिकार सेयर, साधारण सेयर र पूर्वाधिकार सेयरमा भिन्नता, नेपाल कम्पनी ऐनमा सेयर निष्कासनसम्बन्धी व्यवस्था<br>● सेयर निष्कासिन विधि तथा लेखाङ्कन : एकमुष्ट रूपमा सेयर निष्कासन, किस्ताबन्दी रूपमा सेयरको निष्कासन, सेयरको जफत, सेयरको पुनः निष्कासन, सेयरको न्यूनतम आवेदन, न्यून आवेदन र अधिक आवेदन (बढी आवेदित सेयर पुरै अस्वीकार, आवेदित | ८ |

| | | | |
|---|---|---|---|
| | | सबै सेयरलाई समानुपातिक रूपमा बाँडफाँड, मिश्रित बाँडफाँड (अस्वीकार र समानुपातिक दुवै तरिका अपनाएर)<br>● नगदमा सेयर निष्कासन : अङ्कित मूल्यमा, प्रव्याजमा र छुटमा सेयर निष्कासन<br>● नगदबाहेक अन्यमा सेयर निष्कासन : अभिगोपन, सम्पत्ति खरिदबापत सेयर निष्कासन | |
| | | १.३ ऋणपत्रको लेखाविधि<br>१.३.१ ऋणपत्र<br>● ऋणपत्रको अर्थ, विशेषता, महत्त्व र प्रकार (दर्ता ऋणपत्र बाहक, सुरक्षित ऋणपत्र, असुरक्षित ऋणपत्र, फिर्तायोग्य ऋणपत्र, फिर्ता अयोग्य ऋणपत्र, परिवर्तनशील ऋणपत्र अपरिवर्तनशील ऋणपत्र, प्रथम तथा द्वितीय ऋणपत्र)<br>● सेयर र ऋणपत्रबीच भिन्नता<br>● ऋणपत्र निष्कासन विधि तथा लेखाङ्कन : एकमुष्ट ऋणपत्र निष्कासन, विभिन्न सर्तमा नगद फिर्ता गर्ने गरी ऋणपत्रको निष्कासन, नगदबाहेक अन्यमा ऋणपत्र निष्कासन, बन्धकी सुरक्षणको रूपमा ऋणपत्रको निष्कासन, एकमुष्ट नगद भुक्तानी तथा सेयरमा रुपान्तरणद्वारा ऋणपत्र फिर्ता | ५ |
| २ | कम्पनी वित्तीय विवरण | २.१ कर्पोरेट वित्तीय विवरण<br>२.१.१ वित्तीय विवरणको तयारी<br>● वित्तीय विवरणको अर्थ<br>● परम्परागत विधिका आधारमा कम्पनीको वित्तीय विवरणको तयारी (व्यापार हिसाब खाता, नाफा नोक्सान हिसाब खाता, नाफा नोक्सान बाँडफाँड हिसाब खाता, वासलात)<br>● समायोजनसहित र समायोजनरहित नेपाल लेखामान, नेपाल वित्तीय प्रतिवेदन मान र संस्थागत कम्पनी ऐनअनुसार आधुनिक विधिका आधारमा कम्पनीको वित्तीय विवरणको तयारी (आय विवरण, सञ्चित आय विवरण, वासलात, समायोजनसहित र समायोजनरहित व्यापार तथा सेवासम्बन्धी संस्था)<br>● सेयर धनीहरूको स्वामित्व परिवर्तन विवरण | २४ |
| | | २.२ कार्य विवरण | ८ |

| | | | |
|---|---|---|---|
| | | २.२.१ कार्य विवरणको तयारी<br>● कार्य विवरणको परिचय तथा कार्य विवरणको आवश्यकता<br>● कार्य विवरणको तयारी | |
| | | २.३ नगद प्रवाह<br>२.३.१ नगद प्रवाह विवरण<br>● नगद प्रवाह विवरणको अर्थ तथा महत्त्व<br>● कार्यविवरण वा सन्तुलन परीक्षणका आधारमा अमूर्त समायोजनरहित (प्रत्यक्ष विधि र अप्रत्यक्ष विधिद्वारा) नगद प्रवाह विवरणको तयारी<br>● तुलनात्मक वासलातको आधारमा अमूर्त समायोजनरहित (प्रत्यक्ष विधि र अप्रत्यक्ष विधिद्वारा) | १८ |
| ३ | लागत लेखाविधि | ३.१ लेखाविधिको अवधारणा<br>३.१.१ लागत लेखाविधिको परिचय<br>● लागत लेखाविधिको अर्थ, उद्देश्य, महत्त्व र सीमा<br>● वित्तीय लेखाविधिका सीमा<br>● लागत लेखाविधि र वित्तीय लेखाविधिको भिन्नता<br>● लागतका विधिहरू : कार्य लागत विधि, ठेक्का लागत विधि, प्रक्रियागत लागत निर्धारण विधि, सेवा लागत विधि, उत्पादन तथा एकाइ लागत विधि, समूह लागत निर्धारण विधि र बहुसङ्ख्यक लागत विधि<br>३.१.२ लागत अवधारणा र वर्गीकरण<br>● लागत अर्थ, लागतको वर्गीकरण (उत्पादन र प्रक्रियाका आधारमा, प्रकृति वा तत्त्वका आधारमा, कार्यका आधारमा, आचरण वा परिवर्तनशीलताका आधारमा, नियन्त्रणका आधारमा) | ४ |
| | | ३.२ सामग्री र सामग्री नियन्त्रण लेखाविधि<br>३.२.१ सामग्री र सामग्री नियन्त्रण लेखाविधि<br>● सामग्री र सामग्री नियन्त्रणको अर्थ र उद्देश्य<br>● खरिद र प्राप्तिसम्बन्धी कार्यविधि (खरिद आवश्यकताको मागपत्र प्राप्त गर्नु, बोलपत्र आह्वान, खरिद आदेश पठाउन, सामग्रीको प्राप्ति, सदर गर्ने र भुक्तानी गर्ने) | १० |